फोन नं.- ०३१५४००५४

# खडक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कल्याणपुर,सप्तरी
२ नं. प्रदेश, नेपाल

## दरभाउ पत्रको सूचना

(प्रथम पटक प्रकाशितमिति २०७६।०१।२९)

यस कार्यालयबाट तपसिल बमोजिमको कार्य शिलबन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारवाट इजाजत पत्र प्राप्त इच्छुक नेपाली सप्लायर्स वा कम्पनीरूवाट निम्न सर्तहरूको अधिनमा रहि रित पुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१) शिलबन्दी दरभाउपत्रको सुचना प्रकाशित भएको मितिले १५ दिन(२०७६/२/१२) भित्र रु १,०००।-दस्तुरयस न.पा.को राज्श्व शाखामा (फिर्ता नहुने गरि) बुझाई अध्यावधिक इजाजतपत्र तथा मु अ कर र स्थायी लेखानम्वर दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी निवेदन दिई यस खडक नगरपालिका,नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरीवाट कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ ।

२) दरभाउपत्र पेश गर्दा दरभाउपत्रको साथ ब्यवसाय इजाजत प्रमाणपत्र ०७५।०७६ कोलागी (नविकरण भएको) प्रमाणित प्रतिलिपि, स्थायी लेखा प्रमाण पत्रं. सहितको भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७४।०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, खरीद कारबाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्बाहीमाआफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यवसाय सम्बन्धि कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र समेत पेश गर्नु पर्ने छ ।

३) खरिद भएको दरभाउपत्र प्रष्टसँग भरि प्रत्येक पानामा सहि छाप गरि सिलवन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना र काम प्रष्ट सँग लेखी २०७६।२।१२ सम्म यस खडक नगरपालिकाको कार्यालय, सप्तरीमा दिनको १२:०० बजे सम्म मा दर्ता गराउनु पर्ने छ । म्याद सकिए पछि प्राप्तहुने दरभाउपत्र स्वीकार गरिने छैन । दर्ताभएको दरभाउपत्रहरु सोही मिति २०७६/२/१२गते दिनको १:०० बजे उपस्थित दरभाउपत्रदाताहरु तथाप्रतिनिधिहरुको रोहवरमा यस नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरीमा खोलिने छ । दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

४) एक फर्म वा सस्थाको नाममा खरिद भएको दरभाउपत्रअर्को फर्म वा सस्थाको नामवाट दाखिलागर्न पाइने छैन ।

५) दरभाउपत्र ९० दिनसम्मको लागि मान्यहुनेछ ।दरभाउपत्र जमानत वापतको धरौटी रकम तपसिलमा उल्लेख भए बमोजिम यस नं.पा.को रा.वा.बैंक राजविराज स्थित धरोटी खाता २१८०३०३००७१०५ मा नगद रकम जम्मा गरेको दोस्रो प्रति सक्कलभौचर वा सो रकम वरावरको यस कार्यालयको नाममा कवर्गको वाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड (दरभाउ पत्रमा मान्य अवधि भन्दा ३० दिन बढी मान्य अवधि भएको) पेश गर्नु पर्नेछ ।

६) दरभाउपत्र सर्त रहित कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाप हुनु पर्नेछ । रित नपुगेको र सुचनाको सर्त विपरित भएको दरभाउपत्र माथि कारवाही हुने छैन ।

७) दरभाउ पत्रदताले BOQको अंक र अक्षरमा दुवै महलमा अनिवार्य रुपमा दररेट (मु.अ.क.) बाहेक उल्लेख गर्नुपर्नेछ । अक्षर अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ । दरभाउपत्रदाताले बोल कबोलको अन्तिम जोड जम्माअंकउल्लैख गर्नु पर्नेछ ।

८). दरभाउ पत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकेको समयमा नै हुनेछ ।

९) कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वाआशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वानगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) दरभाउपत्र सम्बन्धिअन्यकुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११) प्रचलित नियमानुसार रित पुगेको र यस सुचना एवं दरभाउ पत्र सम्बन्धि कागजातमा उल्लेखित सर्तहरु पुरा नभएको दरभाउ पत्रमा कारवाही गरिने छैन ।

१२) कामको गुणस्तर (Quality )सम्बन्धि स्वीकृत स्पेशिफिकेशनअनुसार गर्नुपर्नेछ ।

१३) दरभाउपत्रको हकमा सुचनाप्रकाशितभएको १५औ दिनको १:०० बजे सप्लाईकार्य गर्न ईच्छुक सप्लायर्स रकम्पनीहरु संग प्राविधिक स्पेशिफिकेशनका सम्बन्धमा छलफल गर्नकालागि यस कार्यालयमा बैठकको आयोजनाहुनेछ ।

### तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | दरभाउ पत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | KhadakMun/Work/NCB/1 2075/076 | मोटरसाईकल | १०००० | १००० | |
| २ | KhadakMun/Work/NCB/2 2075/076 | स्कुटर | ९००० | १००० | |
| ३ | KhadakMun/Work/NCB/3 2075/076 | पानी टैंकर | ११००० | १००० | |
| ४ | KhadakMun/Work/NCB/4 2075/076 | सिलिंग पंखा | २५००० | १००० | |

२०७६।०१।२९

इन्द्र देव यादव
प्रमुख प्रशासकीय अधिकृत

इन्द्रदेव यादव
प्रमुख प्रशासकीय अधिकृत